**द्रष्टव्यः-**

चतुर्थ चरणको लिखित परीक्षाको नतिजा सम्बन्धमा लोक सेवा आयोगबाट प्राप्त नतिजा विवरण प्रकाशन गरिने छ । लिखित परीक्षाको सेवा सम्बन्धी खण्ड घ को वस्तुगत परीक्षा प्रणाली अन्तर्गत गलत उत्तर वापत नियमानुसार २० प्रतिशत प्राप्त अंकवाट कट्टा गरिने छ।

**५. पाँचौ चरण :- विशेष स्वास्थ्य परीक्षण**

विशेष स्वास्थ्य परीक्षणमा सिम्रौनगढ नगरपालिकाबाट तोकिएको चिकित्सकबाट निम्नानुसारको परीक्षण गरिनेछ।

1. HIV
2. Hepatitis B
3. Drugs Adict

**६. छैटौ चरण :- अन्तर्वार्ता परीक्षा**

अन्तर्वार्ता परीक्षामा प्रहरी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्त नगर प्रहरी अनुसार संचालन गरिने छ ।

**द्रष्टव्यः-**

छैटौ चरणको अन्तर्वार्ता समाप्त पश्चात अन्तिम नतिजा प्रकाशन सम्बन्धमा उल्लेखित अंकभार रहेको शारीरिक सहिष्णता परीक्षाको प्राप्ताङ्क, नगरपलिकाबाट संचालन गरिएको लिखित परीक्षाको प्राप्ताङ्क र अन्तर्वार्ता परीक्षाको प्राप्ताङ्ग समेत जोडी हुन आउने कुल अंकको आधारमा माग भएको रिक्त पद संख्या अनुसार अन्तिम नतिजा प्रकाशन गरिने छ।

**नोट :**

१. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हनेछ।

२. चरणबद्ध रुपमा प्रारम्भिक शारीरिक परीक्षण, शारीरिक सहिष्णुता परीक्षा, विस्तृत स्वास्थ्य परीक्षण, लिखित परीक्षा, विशेष स्वास्थ्य परीक्षण र अन्तर्वार्ता परीक्षा संचालन गरिनेछ।

३. पाठ्यक्रम लागू मिति :- २०७६-०९-१६ गते।